**कर्मचारी सम्मान आइसक्रिम कार्यक्रम**

*UW–Madison* ले सबै कर्मचारीहरू (संकाय, कर्मचारी, र *post-docs*) लाई जुन १० र जुन १२ तारिखमा दुई कर्मचारी सम्मान आइसक्रिम कार्यक्रममा निमन्त्रणा प्रदान गर्दछ।

यो वार्षिक कार्यक्रममा हाम्रो विश्वप्रसिद्ध *Babcock* आइसक्रिम प्रदान गरेर शैक्षिक वर्षभरि कर्मचारीहरूको कडा परिश्रम र समर्पणको लागि धन्यवादको स्वरूप आयोजना गर्न चाहेका छौं।

जुन १० तारिखमा, *Bascom Hill* मा (मौसमले साथ दिएसम्म) दिउँसो १ बजेदेखि २:३० बजेसम्म वा रहुन्जेल आइसक्रिम प्रदान गरिनेछ। जुन १२ तारिखमा, *Dejope Residence* हलको *Lake Mendota* कोठामा राति १०:३० बजेबाट १२:३० सम्म आइसक्रिम प्रदान गरिनेछ।

दुवै कार्यक्रममा प्रायजसो आइसक्रिम कपहरूमा प्रदान गरिनेछ। ल्याक्टोस बिनाको आइसक्रिम र चिनी बिनाको कुल्फीहरू पनि उपलब्ध गराइनेछ।

**जुन १० तारिखको आइसक्रिम कार्यक्रमको लागि**

यदि पानी वा खराब मौसमले बाहिर भेला हुन नदिएमा, हामी *Birge Hall* भित्र भेला हुनेछौं। आवश्यक भएमा, हामी जुन ९ तारिखमा अरू कुनै स्थल बदलको बारेमा खबर गर्नेछौं। थप जानकारीको लागि कृपया Audrey Mickelson लाई abmickelson@wisc.edu मा ईमेल पठाउनुहोला।

आइसक्रिम *Bascom Hill* का दुई ठाउँमा निम्न पहुँच जानकारीको साथ वितरण गरिनेछ:

- **मैदान क्षेत्र**: *North Hall* र *South Hall* को बिचको पक्का बाटोको छेउमा: ठाडो उकालो चढ्न आवश्यक।
- **फुटपाथ क्षेत्र:** *Observatory* र *Bascom* बस स्टपको छेउमा: समथर वा हल्का उकालो बाटोमा।
- **खराब मौसमको अवस्थामा पहुँचयोग्य मार्ग**: *Birge Hall* को पूर्वी ढोकाबाट आउनुहोला, लिफ्टमा देखाइएको सङ्केतहरूको पालना गर्नुहोला, पहिलो तल्लामा जानुहोला र लबीमा रहेका सङ्केतहरूको पालना गर्नुहोला।

यातायात र पार्किङ्ग

- कर्मचारीहरू *Bascom Hill* र *Birge Hill* सम्म हिँडेर, साइकल चलाएर, गाडि चलाएर वा म्याडिसन मेट्रो बसको ८० नम्बरको बस चढेर (उत्रिने ठाउँ: *Observatory & Bascom*) आउन सक्नेछन्।
- यो पहुँचयोग्य पार्किङ्ग नक्साले कार्यक्रम पार्किङ्गको जानकारी प्रदान गर्दछ।
- जानकारीको लागि पहुँचयोग्य यातायात विकल्प वेबसाईट हेर्नुहोला।

**जुन १२ तारिखको आइसक्रिम कार्यक्रमको लागि**

*Lot* 34, 37, 57, 58 र 59 मा नि:शुल्क पार्किङ्ग उपलब्ध हुनेछन्। *Service* पर्मिट लिएका वा राज्यका सवारी साधनहरू चलाउने व्यक्तिहरूले पार्किङ्ग ग्यारेज (*Linden Garage Lot* 67) मा पार्क गर्न सक्नेछन्। सहभागीहरूलाई ८० नम्बरको बस चढ्न पनि प्रोत्साहित गरिन्छ, जुन *Dejope* को नजिकै *Observatory* रोकिन्छ। थप जानकारीको लागि कृपया Jessica Hamm लाई jessicahamm@wisc.edu मा ईमेल पठाउनुहोला।

दुबै कार्यक्रमहरूको लागि, हामी कार्य युनिट र सुपरभाईजरलाई तपाईंलाई आइसक्रिम कार्यक्रमहरूमा उपस्थित हुन अनुमति दिन लचिलोपन प्रदान गर्ने अपेक्षा राखेका छौं। कर्मचारीहरू कामको समयमा तलब पाउने गरि उपस्थित हुन सक्नेछन्। ती दिनहरूमा काम नहुने कर्मचारीहरू पनि यस कार्यक्रममा उपस्थित हुन सक्नेछन् तर वहाँहरूले सो अवधिमा तलब पाउनुहुने छैन। उपस्थित हुने योजना बनाउने कर्मचारीहरूले अगाडि नै आफ्नो सुपरभाईजरलाई बताउनुपर्नेछ।

क्याम्पस बाहिर विभाग हुने अगुवाहरूलाई आफ्नो कर्मचारीहरूको लागि आइसक्रिम कार्यक्रम वा अर्को कुनै कार्यक्रम आयोजना गर्न प्रोत्साहित गरिन्छ।